बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA. PA.-7
P. O. BOX 2172, KATHMANDU, NEPAL
TEL : 4810818, 4810989, 4811057
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np

मिति : २०६४/०४/३०

परिपत्र ९ (०६४।०६५) च.नं. ५३५–४०

विषय : निस्कृय बीमालेख बारे ।

नेपालमा जीवन बीमा व्यवसाय संचालन गरिरहेका बीमकहरुको निस्कृय बीमालेखको मात्रा बढि भएको तर्फ यस समितिको ध्यानाकर्षण भएको छ । यसर्थ त्यस बीमकको बीमा जोखिमाङ्कन (Underwriting) समेतमा आवश्यक सुधार गरी निस्कृय बीमालेखको मात्रा न्यूनिकरण गर्नु गराउनु हुन ध्यानाकर्षण गराइन्छ ।

बीमा समिति २०४९ काठमाडौं

(शेखर कुमार अर्याल)
उप-निर्देशक

(१) श्री राष्ट्रिय बीमा संस्थान,
(२) श्री नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
(३) श्री नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड,
(४) श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड,
(५) श्री अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी (ALICO)।

बोधार्थ :-
श्री अर्थ मन्त्रालय,
आ.का.वि. तथा नी.वि. महाशाखा,
सिंहदरबार, काठमाडौं ।

Kalpana
20.08.07

१०. संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गरी धितोपत्र बिनिमय वजार लिमिटेड मार्फत कारोवार गर्न चाहने बीमकले आफ्नो सञ्चालक समितिको निर्णय र सिफारिश सहित समितिबाट पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

११. संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गरी धितोपत्र वजार मार्फत कारोवार गर्न समितिबाट स्वीकृति प्राप्त भएपछि बीमकले कम्पनीको साधारण सभाबाट प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी सोही बमोजिम शेयर संरचना मिलाउनु पर्नेछ ।

१२. बीमकको प्रवन्धपत्र तथा नियमावली संसोधन गर्दा सञ्चालक समितिमा परिवर्तन हुने शेयर स्वामित्वको संरचना अनुरुप प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

१३. दफा ११ र १२ बमोजिमको ब्यवस्था गर्न प्रवन्धपत्र र नियमावलीमा संशोधन नभए सम्म उल्लिखित शेयरहरु संस्थापक समूहकै शेयरको अंश मानिने छ ।

१४. माथि दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि शेयर बिक्री/परिणत पश्चात कायम हुन आउने संचालक समितिको सदस्य नियुक्त गर्दा कुनै एक समूहको शेयरधनीहरुले मात्र आफ्नो समूहको प्रतिनिधि मनोनीत वा निर्वाचित गर्न पाउने व्यवस्था मिलाउनु पर्नेछ ।

१५. एकपटक सर्वसाधारण शेयरमा परिणत भैसकेको शेयर अंश पुन: संस्थापक वा संस्थापक समूहको शेयरमा परिणत गर्न पाइने छैन ।

१६. संस्थापक समूहमा रहेको शेयर अंश सर्वसाधारण शेयरमा परिणत गरी बिक्री गर्ने व्यक्ति/संस्था कालो सूचिमा रहेको भएमा निजको शेयर कर्जा चुक्ता गर्ने प्रयोजनको लागि मात्र त्यस्तो शेयर बिक्री गर्न पाइने छ । कालो सूचिमा रहे नरहेको व्यहोरा बीमकले नै यकिन गर्नु पर्नेछ ।

१७. बीमकको सञ्चालकको पदमा वहाल रहेको अवस्थामा समेत सस्थापक समूहको शेयर सर्व साधारणमा परिणत गर्न सकिने छ । तर त्यस्तो खरिद बिक्री सम्बन्धी प्रकृया प्रचलित कानूनको अधीनमा रही गर्नु पर्नेछ ।

१८. बीमकको अघिल्लो आर्थिक बर्षको लेखा परिक्षण भई समितिबाट त्यस्तो बित्तीय बिवरण स्वीकृत भएको हुनु पर्नेछ ।